# ८ दाउदको कमजोर बलियो व्यक्ति
# योआब

*यस अध्यायको निम्ति पढ्नुहोस्:* २ सामूयल २:१७-२३, २ सामूयल ३:२३-२७, २ सामूयल ११:१५-२५, २ सामूयल २०:७-११, १ राजा १

*स्मरण गर्नुपर्ने पद:* "मानिसले गर्ने हरेक काम उसको नजरमा ठिक देखिएला। तर उसको नियत वा उसले के सोचिरहेको छ सो परमेश्वरलाई थाहा छ।" (हितोपदेश २१:२ रूपान्तरित)।

योआबको कथा रोचकपूर्ण वा समसामयीक छन्। यो राजनैतिक शक्तिको चलखेल, गलत ढँगले दोरिएको बफादारिता, डाह र हठीपनाले भरिएको भएको कथा हो। योआबको कथा यस्तो समयमा रचिएको छ जब राष्ट्रको निरन्तरता सुव्यवस्थित बलियो सरकार र जनहित योजनामा भर परेको थिएन। बलिया मानिसहरू बाँच्दछ। तर कमजोर मानिसहरू तुरन्तै बिलाएर जान्दछ। इस्रायल साँच्चिकै बलियो राष्ट्र त्यसबेला हुन्छ जब जोआबले दाउदको साहशिलो प्रभावशाली योद्धा भएर इस्रायलको संक्रमणकालमा रेखदेख गर्ने अभिभारा बोक्दछ।

न्यायकर्ताको समय अन्तरजातीय संघर्षले भरिएको थियो। राजा सावलबाट सुरू भएर दाउद र सोलोमनको राज्यकालमा टुक्रा टुक्रा भएको इस्रायललाई एकिकृत गरिएको थियो। तर सयौं वर्षको अन्तरजातिय लडाईं तिस चालिस वर्ष भित्रमा समाधान हुन्दैन भनेर बाइबलले गरि प्रस्तुत गरेको पाउँछौं। बाइबलले देखाएको अनुसार जोआबको कथामा घातअन्तर्घात, लडाईं, दुश्मनी र हत्याले भरिएको पाउँछौं।

योआबको चर्तिकलामा हामी समावेश नभएको होला। तर जब जोआवको कथा हामी पढ्छौं, यसले हामीमा भएको कुचरित्रको भण्डाफोर गरिएको पाउँछौं। दाउदको जतिसुकै बहादुर व्यक्ति भएपनि

योआबको कमजोरी तथा नकारात्मक उदाहरणले हामीमा भएको कमजोर चरित्रलाई बुझाउने सहायता गर्दछ र  त्यसबाट राहत पाउन एउटैमात्र उपायमा हामीलाई तम्स्याउँछः त्यो हो येशू ख्रिष्ट।

## १. पारिवारिक मामिला (२ सामूयल २:१७-२३)

योआबको सम्वन्ध दाउदको परिवारसँग गाँसिएको थियो (१ इतिहास २:१३-१७)। उनी दाउदको प्रधान सेनापति थिए। तर उनको असल चरित्र २ सामूयल २मा पाउँछौं। युद्धको सिलसिलामा राजा सावल र उनको छोरा जोनाथानको मृत्यु भइसकेको थियो। यहूदा राष्ट्रले दाउदलाई तुरन्तै राजा अभिशेक गरेका थिए। योआबको प्रतिद्वन्धी सावल राजाको सेनापती अबनेर थियो। सावल र उनका छोराहरूलाई युद्धमा मारिएपनि अबनेर बाँच्न सफल भएका थिए।

अबनेर र दाउद एउटै इतिहासका साझेदार हुन्। दाउद भुमिगत भएको बेलामा अबनेरले आफ्नो नेतृत्वमा सावलका सैनिकहरूका साथ उनलाई पिछा गरेका थिए। आफूले पिछा गरेको मानिसलाई राजा मान्न अबनेर तयार भएका थिएनन्। त्यसैकारण अबनेर राजा सावलका एक मात्र बाँचेका छोरा इशबोशेथलाई (पद ८,९) इस्रायलको राजा घोषणा गर्दछ। अनि आफ्नै नेतृत्वमा दाउद र यहूदाको बिरूद्धमा लडाँई छेड्छ। यहूदा राज्य र दाउदको भन्दा इस्रायल देशमा धेरै सैनिकहरू थिए। तर दाउदले शासन गर्न पाएको यहूदा बलियो थियो।

२ सामूयल २:१७-२३ पढ्नुहोस् र यसमा के भयो सो को छोटो टिप्पणी गर्नुहोस्।

लडाईंमा योआबका भाई आसाहेलले मूर्ख भएर अबनेरलाई लखेट्न खोज्छन्। धेरै पल्ट अबनेरले उसलाई नलखेट्न चेतावनी दिन्छ। तर जिद्दीवाल युवकले त्यस चेतावनीलाई वेवास्ता गर्दछ। अनि आफ्नो आत्मसुरक्षाको सिलसिलामा अबनेरले आसाहेललाई मार्दछ। योआबले यो घट्नालाई कहिलै पनि बिर्सेका थिएन।

आखिरमा केहि समयपछि इसबोशेथ अत्यन्त कमजोर राजा भएकोले उसको अन्तर्गत इस्रायल राज्य राम्रो गतिमा नगएको अबनेरले महशुस गर्दछ। अनि अबनेर इस्रायल छोडेर राजा दाउदकहाँ शरण लिन पुग्छन् र अरू जातीहरूलाई दाउदको राज्यमा मिलाउन आफ्नो सक्रियतालाई प्रस्ताव गर्छन् (२ सामूयल ३:१-२२)। यसबेला योआब दाउदको दरवारमा थिएन। जब ऊ फर्कन्छ र के भयो सो थाहा पाउँदा ऊ असाध्य क्रुद्ध हुन्छ।

रिस थाम्न नसकेको योआबले अबनेरलाई के गर्दछ, हेर्नुहोस् २ सामूयल ३:२३-२७? अन्तमा अबनेरलाई योआबले किन मारेको भनेर दाउदलाई स्पष्टिकरण दिन्छ? २ सामूयल ३:३० पनि पढ्नुहोस्। अबनेर दाउदसँग किन मिल्न आए भनेर आफ्नो तर्क प्रस्तुत गर्छन्? यसले योआब कस्तो मानिस रहेछ भनेर देखाउँछ?

अबनेरलाई मारेर योआबले दाउदलाई सहायता गरिरहेको थियो भनेर उसले साँच्चिकै विश्वास गरेको थियो। यसले एक प्रमूख विषयलाई हाम्रो समक्ष देखाउँछ। तपाईंको क्रियाकलापको नियतलाई बिचार गर्नुहोस्। तपाईंले कतिपय कुराहरू गर्नुहुन्छ त्यसको खास कारणहरू के के हुन सक्छन्? दुई नियतहरूको बिचमा तपाईंले कसरी फरक छुट्याउनुहुन्छ? तपाईंलाई स्पष्ट रूपमा थाहा छ तपाईंको चर्तिकलामा कस्तो नियत तपाईंमा लुकेको छ?

## २. पापको मोल (२ सामूयल ११:१५-२५)

अबनेरको हत्यालाई लिएर दाउदले योआबलाई तुरन्त केहि कार्यवाही गर्न नसेकेको देखिन्छ। तर सार्वजनिक रूपमा दाउदले योआबलाई उनको कामप्रति दुःख व्यक्त गर्दछन् र अबनेरको निम्ति शोक मनाउँछन् (२ सामूयल ३:२८-३५)। तर भविष्यमा आफुलाई समस्यामा नपार्न योआबले दाउदसँग सकेसम्म राम्रो हुन खोज्छ। तर ठिक काम गर्नुको सट्टा अरूलाई खुशी पार्न खोज्नाले प्रायजसो आफ्नो बिवेकलाई बरबाद पार्नीतिर अग्रसर गराउँछ। त्यहि गलत काम फेरि

फेरि गरिरहनाले चेतनाको आवाज मधुर हुन्दै जान्छ। अन्तमा जे उचित र ठिक छ त्यसको निम्ति खडा हुन नसक्ने बनाउँछ।

पापले गर्दा अरू मानिसले हामीलाई विश्वास गर्न पनि असक्षम् बनाउँछन्। दाउदको कथामा यो सुत्र बराबर दोहरिएको पाउँछौं। बिथशिब र युरियाहको बिरूद्धमा पाप गरेको कारण दाउदले आफ्ना छोराहरूलाई नियन्त्रणमा ल्याउन सक्दैनन्। हो, परमेश्वरले दाउदलाई क्षमा गर्नुभयो। तर उनको चरित्रमा खोट लागिसकेको थियो। दाउदको सबभन्दा जेठो छोराले आफ्नै झड्केला बहिनीको बलात्कार गरेको थियो (२ सामूयल १३:२३-३९)। तर दाउदले आफ्नो द्वन्दहिनता देखाउँछन् र केहि पनि गर्दैनन्। किनभने आफू पनि त्यहि पापको दोषी भएकोले आफ्नो छोरालाई सजायँ दिन सकेनन्।

२ सामूयल ११:१५-२५ पढ्नुहोस्। यी पदहरूले योआबको बारेमा के भन्छन्?

योआबको पनि त्यहि समस्या थियो। अबनेरको रगत आफ्नो हातमा भएको कारओ योआबले एक जना असल मानिसलाई बचाउन असमर्थ हुन्छन्। युरियाहलाई हत्या गर्नमा आफ्नो पनि सक्रिय सहभागिता देखाएको पाउँछौं। यो हत्या आफ्नो अपराधको शूचीमा जोडेको थियो। २ सामूयल ११:७ अनुसार नरिपराध युरियाहमात्र अबनेरको शिकार भएको थिएन। दाउदको कुकृत्यलाई छोप्न अनाहकमा लड्न युरियाहको साथमा अरू सैनिकहरूलाई पनि पठाउँछन्। अरूको अगाडि तिनीहरू युद्धको सिलसिलामा मारिए भनेर अबनेर र दाउद चोखो हुन पुगेका थिए। दाउदको जीवनबाट हामीलाई थाहा छ कि यदि हामीले पश्चाताप गऱ्यौं भने हामीप्रति परमेश्वरले शदाशय देखाउनुहुन्छ, अनि दयालु भएर हामीलाई क्षमा गर्नुहुन्छ। यद्यपि, हाम्रो पापको परिणाम बिग्रिएको चरित्र र इमान्दारीको अभाव हामी आफैले बोक्नु परेको हुन्छ।

पहिला पहिला त योआबले दाउदको हुकुमलाई मानेको थियो। अब २ सामूयल १८:५-१५ पढ्नुहोस्। यहाँ जे भयो त्यसले हामीलाई

योआबको बारेमा के बताउँछ? आफ्नो कामलाई कुन बहाना निकालेर फत्ते गरे होलान्?

परमेश्वरको आज्ञा तोडिने भएपनि योआबले दाउदको आज्ञालाई मानेको पाउँछौं। तर आफ्नो बाहुल्यता थमाउन वा जमाउन आज्ञालाई नमान्न उनी नहिचकिच्याको पाउँछौं। बिद्रोहको सिलसिलामा आबसोलेमले जित्यो भने आफूलाई मारिन्छ भन्ने महशुस उनले गरेका थिए (२ सामूयल १९:५,६)। यस परिप्रेक्ष्यमा उनले केवल आफ्नो बारेमा मात्र सोचेको थियो भनेर हामी भन्न सक्छौं।

त्यहि धरापमा हामी पनि कति पटक पर्दछौं होला, याद गर्नुभएको छ?

## ३. राजनितीज्ञ योआब (२ सामूयल १४)

आबसोलमले आफ्नो झड्केला भाई आमननको हत्या गऱ्यो भनेर २ सामूयल १३ले वर्णन गरेको छ। आमननलाई मारे पछि उनी देशबाट भाग्छन् र फर्किनको लागि उचित समयलाई पर्खेर बस्छन्। राजा दाउद एकदम जतिल परिस्थितिमा पर्दछन्। आबसोलनकी बहिनी तामारको बलात्कारमा आमनन दोषी थिए। आफ्नै पापको सम्झनाको कारण राजा दाउदका दिमाग शक्तिहिन भएको थियो। दाउदले आबसोलमलाई सजायँ दिन असमर्थ हुन्छ। आफ्नी बहिनीलाई बलात्कार गरेकोमा आफ्नै हातले आमननलाई हत्या गरेर आबसोलनले आफ्नो परिवारको इज्जत थाम्छन्। (दाउदको कालमा सम्मान र लज्जा यहूदीहरूको संस्कारमा अत्यन्त महत्वपूर्ण भूमिका खेल्दथ्यो) । अब आमनन, जो दाउदको सबभन्दा जेठा छोरा थियो, मृत्यु भइसकेको थियो। यसको अर्थ चलन अनुसार अर्को बाबुको मृत्युपछि राजा हुने हक आबसोलमको थियो। आफ्नो छोराको मृत्युको शोक, आबसोलमप्रतिको माया र यी सबै आफ्नै पापको कारणले हुन आएको हो भन्ने आभासले गर्दा दाउदका मुटु छिया छिया भएको थियो।

अब योआब त्यस परिस्थितिमा आफू संलघ्न हुन निर्णय गर्दछन्। तर योआबले सिधै राजा दाउदसँग आफ्नो कुरा कसरी राख्ने भनेर सोच्न सकेको थिएन। त्यसकारण योआबले टेकोआहको बुद्धिमती महिलालाई प्रयो गर्छन्।

२ सामूयल १४ पढ्नुहोस्। परमेश्वरको प्रेम र क्षमाशीलतालाई टेकोआहकी महिलाको कथाले हामीलाई कसरी बताउँछ? फेरि त्यसै बखत योआबको बारेमा यस अध्यायले हामीलाई के भन्छ?

योआबले त्यस महिलाको मुखमा जुन कुराहरू राखीदियो, त्यसले पापीहरूलाई परमेश्वरले कस्तो महान् प्रेम गर्नुहुन्छ भन्ने तथ्यलाई योआबलाई थाहा थियो भनेर बताउँछन्। योआबको थियोलोजी अर्थात् धार्मिक शिद्धान्त ठिक थियो। तर यो कुरा केवल उनको दिमागमा मात्र थाहा थियो, हृदयमा थिएन। उनको आफ्नै जीन्दगी प्रतिशोध र माफ नदिने भावनाले ओतप्रोत भएको थियो। आफ्नै जीवनमा परमेश्वरको प्रेमबाट लाभान्वित हुन सकेको थिएन। उनको निम्ति सबै थोक, धर्म पनि राजनैतिक लक्ष्य प्राप्त गर्नको लागि थियो। त्यो पनि आफ्नै भाऊको निम्ति र आफ्नै जीवनको उत्थानको लागि। आबसोलम राजा हुनसक्छ भनेर योआबले बुझेका थिए। त्यसकारण योआबले आबसोलमलाई रिझाउन चाहेका थिए। तर आबसोलम, योहाबको निम्ति सुहाउने व्यक्ति भएको देखिएन। दरवारमा योआबको सहायताले आबसोमलाई भित्राउँदा आबसोलमले उनको तारिफ पनि गरेनन्। आबसोलमले योआबलाई प्रयोग मात्र गर्न चाहेको थियो। योआब जस्तै चलाक र खतरापूर्ण आफू पनि हुनसक्छ भनेर आबसोलमले तुरन्तै देखाइदिन्छ। दाउदसँग भेटघाट गराउन बाध्य तुल्याउन आबसोलमले योआबको खेतबारीलाई जलाई दिन्छ (२ सामूयल १४:२८-३३)। अब योआबकै कारण दाउद भयङ्कर बिद्रोहको सामना गर्ने परेको हुन्छ। यसको परिणाम गृहयुद्ध सुरू हुन्छ।

हाम्रो व्यक्तिगत महत्वाकाँझा, अहँकारिता र चाहनाले हाम्रो कामलाई प्रभाव पार्न धेरै सजिलो हुन्छ। तर तपाईं जे गर्नुहुन्छ त्यसमा

ती कुराहरू लुकिएका छन् कि छैनन् भनेर कसरी थाहा पाउने? ती कारणहरूबाट तपाईंको पतन हुन अगावै परमेश्वरको अनुग्रहले तिनीहरूलाई कसरी पन्छाउने?

## ४. तरवारको भरमा जीउनु (२ सामूयल २०)

२ सामूयल २० अध्याय पढ्नुहोस्। योआबले फेरि कुन भूमिका यहाँ खेलिरहेको छ? उसको यस कामको निम्ति उसलाई किन सजायँ दिइयो?

आमासा र योआब भतिजाहरू थिए (२ सामूयल १७:२५)। आमासा, आबसोलमको सेनाका सेनापती थिए। जब योआबले दाउदको निर्देशनलाई पालन गर्दैन र आबसोलमको हत्या गर्छ (२ सामूयल १८:५:१४), तब उनले योआबलाई पन्छाउन चाहन्छ। दाउदले आमासालाई आफ्नो सेनाका उच्च पद दिने वाचा गर्दछ। किनकि योआबकै योजना अनुसार विद्रोह सुरू भएको थियो। दाउदले जुन निर्देशन दिइयो त्यो आफ्नो छोराको हत्याले गर्दा योआबप्रति उनमा रिस त थियो नै तर राजनैतिक कारणले गर्दा पनि दिइएको थियो। यदि आमासालाई नियुक्त गरियो भने आबसोलमप्रति बफादार भएका बाँकी सेनाहरूले पनि दाउदसँग शान्ति सम्झौता गर्न निश्चित थियो।

२ सामूयल २०:१,२ले इस्रायको राजनैतिक अवस्था कस्तो थियो भनेर बताउँछन्?

दाउदले योआशलाई वास्ता नगरी आमासालाई सेनाको नेतृत्व गर्न प्रतिज्ञा गर्छन्। नयाँ बिद्रोहसँग सामना गर्न दाउदले आमासालाई पठाउँछन्। तर आमासाले त्यस बिद्रोहको सामना गर्न असमर्थ हुन्छन्। अनि दाउदले योआबको भाई अबिशेइलाई पठाउँछ। योआमा भन्दा अबिशेइमा दाउद भर परेको छ भनेर यसले देखाउँछ। जब योआब र आमासाको जम्का भेट हुन्छ, योआबले आमासाको हत्या गर्छ। सुनियोजित ढँगले आमासालाई हत्या गरिएको थियो भनेर यस अध्यायको लेखकले बताउँछन्, योआबले आमासालाई यसरी मार्छ भनेर आमासाले

कहिलै पनि अपेक्षा गरेको थिएन (२ सामूयल २०:८-१०)। योआब अब नम्वर एक नभएकोले आफ्नो भतिजालाई रिसको झोँकमा मारिदिन्छन्।

योआबका मानिसले जुन काम योआबले गर्‍यो त्यो राजा दाउदको सहायताको निम्ति गरिएको थियो भनेर देखाउन खोज्छन्। योआबबाट दाउद टाडा भएपनि, योआबप्रति बफादार हुनुभनेको दाउदप्रति बफादार हुनु हो भनेर मानिसहरूलाई उसले विश्वस्त बनाउन खोज्छन्। आमासालाई हत्या गरेर योआबले ठिकै काम गरे भनेर उसले मानिसहरूलाई बिश्वास दिलाउँछन्।

झुट्टा कुरा गरेर योआबले आमासालाई धोका दिन्छन्। फोहरी राजनिती वा दाउपेच गरेर हामीलाई विश्वास गर्नेलाई धोका दिनुबाट हामी सतर्क हुनुपर्दछ। मत्ती ७:१२लाई यस परिप्रेक्ष्यमा कसरी प्रयोग गर्न सकिन्छ?

## ५. योआबको अन्तिम लडाईं (१ राजा १:१)

यो एकदम अनुकूल समय थियो। दाउद अब एकदम बुढो भइसकेको थियो। राती आफूलाई न्यानो पार्न सकेको थिएन। एक सुन्दरी महिला राजा दाउदको व्यक्तिगत सुसारे बन्छिन्। दाउदले तिनीसँग सहबास गरेनन् भनेर यस कथाका कथाकारले स्पष्ट पारेका छन् (१ राजा १:१-४)। यसले दाउद कत्तिको कमजोर थियो भनेर देखाउँछन्। युवक अबिशाको गतिबिधिको बारेमा दाउदलाई केहि थाहा थिएन र उनको राज्यमा के भइरहेको थियो त्यसको बारेमा उनलाई ज्ञान पनि थिएन। बाँचिरहेका सबभन्दा जेठो छोरो आदोनियाह अब आफू राजा हुन तरखरमा लाग्दछन्।

१ राजा १ पढ्नुहोस्। यस अध्यायमा योआबले के कदम चाल्न थालेको पाउँछौं? यसले उसको चरित्रलाई अझ कसरी उदाङ्ग बनाउन खोजेको छ?

दाउदको बिद्रोहमा भूमिका खेल्नेहरूमा योआब पनि एक प्रमूख थियो भनेर १ राजा १:७ले देखाएको पाउँछौं। धेरै पल्ट आफ्नो इच्छा अनुसार काम फत्ते गरे झैं अहिले पनि आफ्नै सोचले आफूले चाहेको काम सम्पन्न गर्दछ। राजा दाउद अब बुढा भइसक्यो, उनले केहि पनि गर्न सक्दैनन् भनेर उनले सोच्दछन्। तर यस बखत बिथशिबा र भविष्यवक्ता नाथानको सहयोगले दाउद सक्रिय हुन्छन्। योआब र आदोनिजाहको योजनालाई कार्यान्वन नगर्न दाउदले रोक लगाउँछन्। सार्वजनिक रूपमा नै आफू देखा परेर सोलोमनलाई सह-राजा घोषणा गर्दछन्।

योआबले आफ्नो जीवनमा परमेश्वरलाई पूर्ण रूपमा हटाएको देखिन्छ। योआबलाई परमेश्वरको बारेमा ठूलो ज्ञान भएको हुनसक्छ तर आफ्नो जीवनमा परमेश्वरलाई सत्यरूपमा समावेश नगरेको देखिन्छ। आफूलाई जे मन पर्छ त्यो गर्ने र कसैले पनि उसलाई सजायँ दिन सक्दैनन् भन्ने उसको सोचाई भएको हुनुपर्दछ। परमेश्वर दाउद होइन भन्ने कुरा उसले बिर्सेको जस्तो देखाउँछन्। परमेश्वरलाई कसैले पनि छकाउन सक्दैन। पापसँग लसपस गरिरहन्दा हुनसक्छ त्यसको दुष्परिणाम तुरन्तै नआउला। तर एक दिन त अवश्यमेव आउँछ, यो जुनीमा नभएपनि न्यायको समयमा आफ्नो लेखाजोखा दिनै पर्छ। लामो समयसम्म चोखो जस्तो भएर बसेपनि आखिरमा मानिसले जे रोप्छ त्यो कटानी गर्नै पर्छ (गलाती ६:७)।

अन्तिम फैसला हुनु अघि जहिले पनि करूणाले प्राथमिकता पाउँछ। योआब सुध्रिन अन्तिम अवसर पाउँछ। आदोनिजाहसँग कार्यगत एकता भएकोले योआबलाई सजायँ दिइन्न। योआबलाई आफ्नो पदबाट बरखास्त पनि गरिदैन। तर योआबले पश्चाताप गर्दैन र माफी पनि माग्दैन। ऊ फेरि दोश्रो विद्रोहमा सेलग्नधन हुन्छ। जब यो बिद्रोह असफल हुन्छ तब उसलाई यो महशूस हुन्छ उसले कस्तो गम्भिर अबस्थामा आफूलाई पारेको रहेछ। ऊ परमेश्वरको मन्दिरमा भाग्छ र पवित्र सन्दुकको सिङ्गहरूलाई समात्दछ। तर दुर्घटनाबाट

मारिएका मानिसका आफन्तबाट बच्नमात्र पवित्र सन्दुक शरणस्थान् हो (प्रस्थान २१:१२-१४) भन्ने कुरालाई योआबले विर्सन्छ। अब योआबको विगत चर्तिकलाले उसको पिछा गर्छ। जो मानिस तरबारबाट जीउँछ त्यो मानिस तरवारबाटै मारिनेछ (राजा २:२८-३५)।

योआब जतिसुकै दुष्ट भएपनि यदि पश्चाताप र विश्वाससाथ परमेश्वरको शरणमा आएको भए उहाँले उसलाई सदासयता देखाउनु हुन्थ्यो। तपाईंको बारेमा र तपाईंको कमजोरको बारेमा तपाईं के भन्नुहुन्छ?, यदि तपाईंले पापको क्षमाको लागि दावी गर्न राजी हुनुभयो भने मात्र उपलव्ध भइरहेको क्षमाको उपभोग गर्न पाउनुहुन्छ।

## उपसंहारः

थप जानकारीः “सत्यलाई हामीले पकडी राख्नुपर्दछ र सत्यले पनि हामीलाई पकडी राख्नुपर्दछ। यसो गर्दा हामीमा सत्य हुन्छ र सत्यमा हामी हुन्छौं। सत्यले हाम्रो जीवनमा असल काम गरिरेहको छ भनेर हाम्रो चरित्र र जीवनशैलीले देखाउँछ। सत्यले गर्दा हाम्रो जीवन अझ धेरै पवित्र बनाउँछ। यस नितिमा हामी हिँड्न सक्यौं भने हामी स्वर्गको राज्यमा भएका स्वर्गदूतका समाजमा सहभागी हुन सक्षम् हुन्छौं। जब सत्य धर्मले हाम्रो हृदयमा बास बस्न सफल हुन्छ तब त्यसले मानिसलाई शुद्ध बनाउने प्रक्रिया सुरू गर्दछ। येशूको धर्मलाई आत्मसात् गर्नु मानिस कहिलै पनि अशिष्ट वा अभद्र हुँदैन। त्यो मानिस लापरवाही तथा कठोर चरित्र भएको हुँदैन। परमपिता परमेश्वरबाट आएका सत्यले मानिसलाई निष्कलङ्क र आदर्शमयी बनाउँछ। यसले उसलाई भद्र, दयालु, स्नेहि र शुद्ध बनाउँछ। यसले उसमा भएको कठोर हृदयलाई पगाली दिन्छ र नरम बनाउँछ, निश्वार्थी वा आफ्नो अरूको मोलमा आफ्नो भाउलाई सर्वोपरी बनाउँदैनन्, र संसारको अभिलाषाको मोहमा टाडा हुन्छन्। सत्यलाई आत्मसात् गर्ने व्यक्ति अहङ्कारिताबाट स्वतन्त्र हुन्छन् र अध्रर्मी महत्वाकाँक्षालाई पन्छाई

शिद्धतिर लम्किने बनाउँछन्।"-एलेन जी. ह्वाइट, *साइन अभ टाइम्स,* ठेली १, पृष्ठ ६६बाट रूपान्तरित।

त्यो सत्य के हो त? प्रभु येशू हुनुहुन्छ जसले दावी गर्नुभयोः “बाटो, सत्य र जीवन मै हुँ।" यूहन्ना १४:६।

**चिन्तनमननः**

१. हाम्रा परिवार, हाकिम र देशप्रति बफादार छौं भनेर देखाउन कति टाडासम्म जानसक्छौं? ती सबै महत्वपूर्ण सम्वन्धहरूका सिमालाई कसरी पहिचान गर्ने?

२. यस बुँदामा उल्लेख गरिइको एलेन जी ह्वाइटको कथनलाई फेरि पढ्नुहोस्। सत्यले तपाईंको जीवनलाई परिवर्तन गरिएकोछ भन्ने के प्रमाण छ? जब हामीमा होइन येशूमा हाम्रो ध्यान केन्द्रित हुनु आवश्यक छ तर आस्थामा हामी कहाँ उभिएका छौं भन्ने कुरालाई हृदयमा खोतल्नु पनि आजको आवश्यकता हो (२ कोरन्थी १३:५)

३. “मैले केवल निर्देशनमात्र पालन गरेको छु" भन्ने नाउँमा मानिसहरूले धेरै दुष्ट कामहरू गरेको हामी पाउँछौं र गरिरहेका छन् पनि। येशूका अनुयायीहरू भएर पनि हामीलाई यस्ता नराम्रा कामहरू गर्न परिस्थितिले वाध्य बनाउन सक्छन्। तर आफूले पाएको सत्यमा बलियोसँग अडिग रहन हामीले कस्तो खालको आस्था वा विश्वासको बिकास गर्नुपर्दछ? यसको अर्थ आफ्नो र आफ्नै प्रियजनहरूको मोलमा गलत निर्देशनको पालना नगर्नुमा अभिप्रेरित हुनु हो।

४. हामीलाई कसैले अत्यन्त चोट पुऱ्याएको छ तर त्यसलाई क्षमा दिन र त्यस चोटलाई बिर्सनु सम्वभ छ

त? क्षमा, क्षमाको अभाव, र क्षमा नदिने मनस्थितिले मानिसलाई कहाँसम्म पुऱ्याउँछ भनेर यस अध्यायमा हामीले कसरी सिक्यौं?

५. तेलका शक्तिशाली उद्योगपती जोन डी रकफेलरले उसलाई प्रतिस्पर्धा गर्ने ब्यापारीको उद्योगलाई अनुचित ढँगबाट किनेको थियो। आफूलाई सबै तेलका व्यापार बेच्नुपर्छ र यसले गर्दा तिनीहरूले तेलको व्यापारबाट हुने सबै जोखिम आफैले लिने भनेर आफ्न प्रतिस्पर्धा गर्ने उद्योगपतीहरूलाई विश्वस्त गराएका थिए। "सुरक्षित जहाजमा पस" भनेर उसले आह्वान गरे। मानौं तिनीहरूको पक्षको हितको निम्ति उनले कदम चालीरहेका छन्। तर यथार्थमा, उसले तिनीहरूलाई निलिरहेका थिए। यस संसारमा बेइमान काम गर्न र गलतबाटो अपनाउन कतिको सजिलो हुनसक्छ भनेर उपरोक्त रकफेलरको कथाले हामीलाई बताउँछ?